महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल
"National Alliance of Women Human Rights Defenders"
(NAWHRD)

च.नं.६२-०७९/८०

मिति:२०८०/०३/२०

## प्रेस विज्ञप्ति

नेपालको संविधान २०७२ मा सबै प्रकारका जातीय विभेद छुवाछुतको अन्त्य गर्ने, सामन्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने भनी उल्लेख गरिएको छ। साथै, प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, सामाजिक न्यायको हक, समानताको हक, दलितको हक, छुवाछुत तथा भेदभाव विरूद्धको हक लगायतका अधिकार सुनिश्चित गरिएको छ।[१] त्यस्तैगरी, "सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ लाई अनुमोदन गरी वि.सं. २०६३ सालमा नेपाल छुवाछुत मुक्त राष्ट्र घोषित भइसकेको छ भने मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को पक्षराष्ट्र समेत भएको छ। यसर्थ, देशमा माथि उल्लिखित जातीय विभेद अन्त्य गर्ने विविध कानुनी व्यवस्था भए तापनि जातीय छुवाछुत तथा भेदभावको आधारमा मानव अधिकार हनन्का घटनाहरूले निरन्तरता पाइरहनु, पीडकले सजाय नपाउनु साथै यस्ता घटनाहरू हुन नदिनका लागि समुदाय तहदेखि नै सामाजिक रूपान्तरणका कार्यहरू नहुनुको स्थितिप्रति महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालको गम्भिर ध्यानाकर्षण भएको छ।

यसै सन्दर्भमा, मिति २०८० साल आषाढ १८ गते कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित समाचारका अनुसार जुम्ला जिल्लाको तातोपानी गाउँपालिका वडा नं. ४ गिडीखोलामा नेपाली थरका एक युवाले स्थानीय कथित उपल्लो जातकी किशोरीसँग अन्तरजातीय प्रेम विवाह गरेकै कारण सो युवकको घर जलाइयो। उनीहरूलाई गाउँ छोडेर भाग्न बाध्य बनाइयो। यसैगरी, २०६९ सालमा सप्तरीका एक युवाले, सोही सालमा दैलेखका अर्का युवाले पनि अन्तरजातीय विवाहका कारण ज्यान गुमाए। वि.सं. २०७० सालमा तनहुँकी एक किशोरीले, २०७३ मा काभ्रेका एक किशोरले अन्तरजातीय विवाहका कारण मारिनु पर्‍यो भने २०७७ साल जेष्ठ १० गते पश्चिम रूकुमको चौरजहारीमा ६ जनाले ज्यान गुमाए।[२] यसरी अन्तरजातीय विवाहका कारण जातीय वहिष्करणमा पारिने, अभद्र व्यवहार गर्ने, अविभावकले जिम्मा नलिने र अलपत्र पारिने जस्ता मानव अधिकार विरूद्धका कार्य समाजमा भइरहेका छन्।

यसर्थ, रूकुम नरसंहार अनि मधेश हुँदै देशव्यपी भएका दलित हत्या, वहिष्करणका शृङ्खला र विभेदका घटनाले संसदको घोषणा र संवैधानिक व्यवस्थालाई गिज्याइरहेको पुष्टि गर्छन्। छुवाछुतमुक्त राष्ट्र घोषणा भएको यतिका वर्षसम्म पनि त्यसको अन्त्य हुनुको सट्टा बढ्दै जानुले संसद्को घोषणामाथि प्रश्न उठेको छ। छुवाछुत तथा विभेदका यस्ता किसिमका डरलाग्दा घटनाहरू, सरकारले गरेका मानव अधिकार लगायतका अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा संवैधानिक व्यवस्थाको पालना नभएको गज्जवको उदाहरण हो। त्यसैले अहिले देशमा भएका घटनाहरूको सुक्ष्म अध्ययन/अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउने र कानुनको प्रभावकारी कार्यान्वयन गरी देशका सबै नागरिकहरूको समानताको हक, न्याको हक लगायतका हक सुनिश्चित गर्न तथा भविश्यमा यस्ता मानव अधिकार विरूद्धका घटनाहरू नदोहोरिउन् भन्नका लागि समुदाय तहदेखि नै सामाजिक रूपान्तरणका अभियानहरू सञ्चालन गरी प्रत्येक नागरिकको मानव अधिकार सुनिश्चित हुने वातावरण निर्माण गर्न महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल तीनै तहको सरकारसमक्ष अनुरोध गर्दै ध्यानाकर्षण गराउँदछ।

अध्यक्ष
श्याम कुमारी साह
महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल

---

[१] नेपालको संविधान, २०७२

[२] http://www.onlinekhabar.com/2020/05/868740

सचिवालय
मितेरी मार्ग, घर नम्बर ९२/६१, मध्य बानेश्वर, काठमाडौं
फोन नं. : ०१ ४४८२७६१
पो.ब.नं. १३२३३
इमेल : secretariat@nawhrd.org